अनुसूची–१

सूचना

भूमि सम्बन्धी समस्या समाधान आयोग

ताहाचल, काठमाडौं

नेपाल सरकारको निर्णय बमोजिम यस पूर्व गठन भएका विभिन्न आयोग वा कार्यदलले वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए वा बाँकी काम भए सोको विवरण भरी निवेदन पेस गर्ने ३५ दिने सूचना

सूचना प्रकाशित मिति : २०७७।११।१०

नेपाल सरकारले प्रचलित कानून बमोजिम भूमि सम्बन्धी समस्या समाधान गठन आदेश, २०७६ जारी हुनु पूर्व गठन गरेका विभिन्न आयोग/कार्यदल/समिति (मालपोत ऐन २०३४ को दफा ७ को उपदफा (१क) बमोजिम गठन भएका जग्गा दर्ता समिति बाहेक) बाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजात सहित यस आयोगबाट जारी भएको **"अधुरा कार्य सम्पादन कार्यविधि, २०७७"** को **अनुसूची–२** बमोजिमको ढाँचामा यस आयोगको **सम्बन्धित जिल्लाको जिल्ला समिति (जिल्ला समन्वय समितिको कार्यालयमा रहेको)** को **कार्यालयमा यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र** निवेदन पेस गर्नुहुन भूमि सम्बन्धी (अठारौं संशोधन समेत) नियमहरू, २०२१ को नियम ४१ त (१) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सम्बन्धित व्यक्तिले पेस गर्नुपर्ने निवेदनको ढाँचा यस आयोगको वेबसाइट **www.lirc.gov.np** बाट डाउन लोड गरी वा आयोगको जिल्ला समितिको कार्यालय वा सम्बन्धित स्थानीय तहबाट निःशुल्क प्राप्त गर्न सकिनेछ। आयोगको सम्बन्धित जिल्ला समिति र सबै स्थानीय तहबाट सेवाग्राहीलाई निःशुल्क रूपमा फाराम उपलब्ध गराई दिनुहुन यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

अनुसूची-२
(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)
भूमि सम्बन्धी समस्या समाधान आयोग, २०७६
ताहाचल काठमाडौं

विषय :- विगतका आयोग/कार्यदल/समितिबाट वितरण गरेका जग्गाको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्शा प्रमाणीतसँग सम्बन्धी अधुरा कामका बारेमा ।

श्रीमान् अध्यक्ष ज्यू ,
भूमि सम्बन्धी समस्या समाधान आयोग, ताहाचल काठमाडौं ।

मेरो नाममा श्री ..... आयोग/कार्यदल/समिति .....बाट मिति..... मा वितरण भएको जग्गाको स्वामित्व/दर्ता श्रेस्ता/नक्शा प्रमाणीत वा सो संग सम्बन्धित जग्गाको ..... समस्या भएकोले प्रचलित कानून बमोजिम आवश्यक छानवीन गरिदिन हुन तपसिल बमोजिमको विवरण र प्रमाण कागजात राखी यो निवेदन पेश गरेको छु ।

१. निवेदकको व्यक्तिगत विवरण :

निवेदकको नाम, थर		हाल बसोबास गरेको गा.पा.\न.पा.:	
वडा नं:		टोल	
नागरिकता नं:		जारी भएको मिति र जिल्ला	
पति/पत्नीको नाम, थर		बाबु/ससुराको नाम, थर	
जन्मस्थान जिल्ला		गा.पा.\न.पा.\वडा	
स्थायी ठेगाना (जन्म स्थान भन्दा फरक जिल्ला भए)		गा.पा.\न.पा.\वडा	

सम्पर्क नं.		अन्य	

२. वितरण गरेका जग्गाको समस्या सम्बन्धी विवरण :

समस्या	जग्गा रहेको स्थान	कि.नं.	क्षेत्रफल	जग्गाको अभिलेख रहेको कार्यालय
स्वामित्व सम्बन्धी/दर्ता श्रेस्ता/फिल्डबुक				

३. निवेदन साथ पेश गनु पर्ने कागजातहरु

(क) नागरिकताको प्रतिलिपि,
(ख) स्थानीय तहको वडा कार्यालको सिफारीस,
(ग) दर्ता श्रेस्ता/स्वामित्व/फिल्डबुक सम्बन्धी निस्शा, प्रमाण,
(घ) अन्य प्रमाण कागजातहरु भए सो सम्बन्धी विवरण,
(ङ) तिरो, मालपोत बुझाएको भए सो को प्रमाण,
(च) संयुक्त स्वामित्व भए नाता प्रमाणित वा नागरिकताको प्रतिलिपि,
(छ) अन्य

उपरोक्त अनुसारको विवरण ठीक साँचो हो झुठा ठहरे प्रचलित कानून बमोजिम सजाय भोग्न मञ्जुर छु।

निवेदकको नाम थर :-

दस्तखत :-

सम्पर्क नं.:-